# काफिरहरूको अनुरूपता अख्तियार गर्नुको हुकुम

[ नेपाली - Nepali - نيبالي ]


लेखकः

अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः

मुहम्मद इदरीस सलफी



2014 - 1435

IslamHouse.com

# حكم التشبه بالكفار

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैँयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैँयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा काफिरहरूको अनुरूपता अख्तियार गर्नुको बारेमा संक्षेपमा वर्णन छ चाहे त्यो लुगा लगाउनुमा होस्, वा खानु पिउनुमा होस्, वा अरु कुनै कुरामा होस् । यो लेख विद्वानहरूको फतवाहरूबाट खोजबीन गरेर तपाईहरूको समक्ष प्रस्तुत गरी रहेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ

अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र  मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्  (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9727649238**

यस संसारमा दुई प्रकारका मान्छेहरू हुन्छन् एउटा ती मान्छेहरू जुन आफूलाई अरुभन्दा श्रेष्ठ र भिन्न दर्शाउनको लागि विचित्र कुराहरू गर्छन्, वा कुनै यस्तो कार्य गर्छन जसबाट सबैको आकर्षण उनीतर्फ होस् । त आर्को प्रकारका मान्छेहरू यस्ता हुन्छन् जुन आफै त केही गर्न सक्दैनन् तर अरुको अनुरूपता अख्तियार गर्नुमा गर्व महसूस गर्छन्, र आफूमा त्यो अविष्कारी शक्ति नभएको कुरालाई लुकाउनुको लागि सैयौं झुट बोल्दछन् । त कतिपय त आफ्नो पुर्खाहरूको श्रेष्ठताको बखान गर्न थाल्छन् । र यस्तो गर्नु मान्छेको सृष्टि र सरिश्तमा नै राखिएको छ, र मान्छे प्राकृतिक आधारमा यसो गर्छ ।

तर इस्लामले यस्तो गर्नुको लागि केही विधि निर्धारित गरेको छ जस बमोजिम कार्य सम्पन्न गर्नु जरुरी छ । जसरी कुनै मान्छे कुनै वस्तु बनाउन चाहन्छ भने यस्तो वस्तु बनाओस् जसद्वारा संसारको लाभ होस् र त्यो वस्तु धर्मका निर्देशनहरू विरुद्ध नहोस् । जसरी यदि कोही

मान्छे मदिराको कुनै नबनेको किसिम बनाउन चाहन्छ भने त्यसलाई यो अनुमति छैन कि यसलाई बनाओस्। किनकि मदिरा समस्त प्रकार सहीत वर्जित छ। जस्तो कि अल्लाहको फर्मान छ :

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓا۟ إِنَّمَا ٱلْخَمْرُ وَٱلْمَيْسِرُ وَٱلْأَنصَابُ وَٱلْأَزْلَـٰمُ
رِجْسٌ مِّنْ عَمَلِ ٱلشَّيْطَـٰنِ فَٱجْتَنِبُوهُ لَعَلَّكُمْ تُفْلِحُونَ ﴿٩٠﴾ إِنَّمَا
يُرِيدُ ٱلشَّيْطَـٰنُ أَن يُوقِعَ بَيْنَكُمُ ٱلْعَدَٰوَةَ وَٱلْبَغْضَآءَ فِى ٱلْخَمْرِ
وَٱلْمَيْسِرِ وَيَصُدَّكُمْ عَن ذِكْرِ ٱللَّهِ وَعَنِ ٱلصَّلَوٰةِ ۖ فَهَلْ أَنتُم مُّنتَهُونَ
﴿٩١﴾ وَأَطِيعُوا۟ ٱللَّهَ وَأَطِيعُوا۟ ٱلرَّسُولَ وَٱحْذَرُوا۟ ۚ فَإِن تَوَلَّيْتُمْ
فَٱعْلَمُوٓا۟ أَنَّمَا عَلَىٰ رَسُولِنَا ٱلْبَلَـٰغُ ٱلْمُبِينُ ﴿٩٢﴾ ﴾ المائدة: ٩٠ - ٩٢

अर्थ : हे इमानवालाहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरूमध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक। शैतान त यो चाहन्छ कि रक्सी र जुआको माध्यमबाट तिमीहरू बीच शत्रुता र बैरभावको सृजना गरिहालोस् र तिमीलाई अल्लाहको स्मरण र नमाजबाट रोकिदेओस्। यसकारण अहिले पनि (यी कर्महरूबाट) अलग रहने गर। र तिमी

अल्लाहको आदेश पालन गर्ने गर र रसूलको अनुशरण गर्ने गर र सतर्क भइराख यदि अनुहार फेर्छौं त जानी राख कि हाम्रा पैगम्बरको जिम्मामा (सन्देश) खुलस्त रूपमा पुऱ्याउनु मात्र हो । ( सूरतुल् माइदा ९०-९२ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : प्रत्येक नशीलो पदार्थ वर्जित छ । ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा छ :

अर्थ : जसको ठूलो मात्रा उन्मादी बनाओस् त्यसको सानो मात्रा पनि हराम छ । ( अहमद, इब्ने माजा, नेसाई, अबू दाऊद, तिर्मिजी )

यसले गर्दा कुनै यस्तो वस्तुको निर्माण मनाही छ जसबाट इस्लाममा रोक लगाइएको होस् । तर यदि कोही यस्तो गाडी बनाउन चाहन्छ जुन आज सम्म बनेको छैन भने इस्लाम यसको अनुमति मात्र दिदैन बरु प्रोत्साहन पनि गर्छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تُحِلُّواْ شَعَـٰٓئِرَ ٱللَّهِ وَلَا ٱلشَّهْرَ ٱلْحَرَامَ وَلَا ٱلْهَدْىَ وَلَا ٱلْقَلَـٰٓئِدَ وَلَآ ءَآمِّينَ ٱلْبَيْتَ ٱلْحَرَامَ يَبْتَغُونَ فَضْلًا مِّن رَّبِّهِمْ وَرِضْوَٰنًا ۚ وَإِذَا حَلَلْتُمْ فَٱصْطَادُواْ ۚ وَلَا

يَجۡرِمَنَّكُمۡ شَنَـَٔانُ قَوۡمٍ أَن صَدُّوكُمۡ عَنِ ٱلۡمَسۡجِدِ
ٱلۡحَرَامِ أَن تَعۡتَدُواْۘ وَتَعَاوَنُواْ عَلَى ٱلۡبِرِّ وَٱلتَّقۡوَىٰۖ وَلَا تَعَاوَنُواْ
عَلَى ٱلۡإِثۡمِ وَٱلۡعُدۡوَٰنِۚ وَٱتَّقُواْ ٱللَّهَۖ إِنَّ ٱللَّهَ شَدِيدُ ٱلۡعِقَابِ ٢

﴿ المائدة: ٢

अर्थ : हे मोमिनहरू ! अल्लाहका निशानीहरूको अपमान नगर्नु र न त पवित्र महिनाहरूको र नत कुर्बानीका जनावरहरूको जसका घाँटीहरूमा पट्टि बाँधिएका छन्। र न त तिनीहरूको अपमान गर्नु जो कि अफ्ना रबको अनुग्रह र प्रशान्तताको लागि पवित्र घर बैतुल्लाह तिर गई राखेका छन् र जब एहराम फुकाउँछौ भने इच्छा भएको खण्डमा शिकार गर्न सक्दछौ । र कुनै समूहले तिमीलाई मर्यादित मस्जिदमा जानबाट रोकेका थिए, त तिनीहरूसंग शत्रुताको कारण तिनीहरूमाथि अन्याय गर्न नथाल र (हेर !) संयमपूर्ण र भलाईका कामहरूमा एक अर्काको मद्दत गर्ने गर र गुनाह (अपराध) र अत्याचारका कुराहरूमा सहयोग नगर, र अल्लाह सित डर मान्ने गर। निःसन्देह अल्लाह कठोर दण्ड दिने वाला हो। ( सूरतुल् माइदा २ )

त गाडी बनाउनु राम्रो कार्य हो यसद्वारा मान्छे आफ्नो र अरुको भलो गर्छ र सहायता गर्छ।

यस्तै इस्लाममा यदि तपाई कसैको अनुरूपता अख्तियार गर्न चाहनुहुन्छ वा कसैले बनाएको कुनै वस्तुको उपभोग गर्न चाहुन हुन्छ भने सबै ग्राह्य छन् मात्र ती वस्तुहरू बाहेक जुन कुनै विशेष धर्मलाई बोध गरुन् । वा कुनै विशेष घृणित वा अपमानित एवं तिरस्कृत समूहलाई बोध गरुन् ।

किनकि इस्लामको उद्देश्यहरू मध्ये एउटा यो उद्देश्य पनि हो कि मुसलमान मान्छे अरु मान्छेहरूबाट भिन्न देखोस्, जसलाई हेरेर कोही पनि भन्न सकोस् कि यो मुसलमान हो । र हाम्रो श्रेष्ठताको लागि हाम्रो मुसलमान हुनु नै प्रयाप्त छ, यदि हामी वास्तवमा मुसलमान र ईमानवाला हौं । किनकि हाम्रो पोशाक, हाम्रो रीति रिवाज, हाम्रो आस्था, हाम्रो आचरण सबै अरुबाट भिन्न छ ।

हामीलाई चाहियो कि आफ्नो प्रतिष्ठा आफै गरौं र आफ्नो सद्व्यवहारबाट सबैलाई प्रभावित गरौं, कदाचित यो नहोस् कि हामी आफै कसैबाट प्रभावित भई त्यसको पद्धतिमा हिंडन थालौं ।

त हाम्रो आचरण सबैभन्दा स्वच्छ र पवित्र हुनु पर्‍यो किनकि हाम्रो नबीले समस्त संसारलाई

सचरित्रताको उपदेश गरेका छन्, र उहाँ स्वयम् महान चरित्रवान थिए ।
यस्तै हाम्रो व्यवहार हाम्रो रसूलको व्यवहार अनुकूल हुनु पर्‍यो, किनकि उहाँको सदव्यवहारले प्रभावी भई मक्काका सबै काफिरहरूले इस्लाम कबूल गरेका थिए । अर्थात: हाम्रो पहिचान हाम्रो धर्म इस्लाम हो, हामीलाई कदापि यो अवश्यकता छैन कि हामी कसै आर्कोको अनुरूपता ग्रहण गरौं ।
तर वर्तमान कालमा केही नामका मुसलमानहरू अरु धर्मावलम्बीहरूको जाने अंजानेमा अनुरूपता अख्तियार गर्छन् जुन इस्लामीय दृष्टिकोणले जायज छैन । जसरी टाई बाँध्नु, कुनै धर्मको विशेष लुगा लगाउनु, जसरी पेरी, धोती, वा कुर्ता लगाउनु जुन पहेंलो रङ्गको हुन्छ र जुन हिन्दुको विशेष पोशाक हो । यस्तै यहूदी ईसाईको विशेष पोशाक जुन उनीहरूका पादरीहरू लगाउँछन् त्यसलाई लगाउनु र यस जस्ता सबै कुराहरू हराम छन् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَلَن تَرۡضَىٰ عَنكَ ٱلۡيَهُودُ وَلَا ٱلنَّصَٰرَىٰ حَتَّىٰ تَتَّبِعَ مِلَّتَهُمۡۗ قُلۡ إِنَّ هُدَى ٱللَّهِ هُوَ ٱلۡهُدَىٰۗ وَلَئِنِ ٱتَّبَعۡتَ أَهۡوَآءَهُم بَعۡدَ ٱلَّذِي جَآءَكَ مِنَ ٱلۡعِلۡمِ مَا لَكَ مِنَ ٱللَّهِ مِن وَلِيّٖ وَلَا نَصِيرٍ ١٢٠ ﴾
البقرة: ١٢٠

अर्थ : तपाईसँग यहूदी र ईसाई कहिले पनि सहमत हुने छैनन्, जबसम्म तपाई तिनीहरूको धर्मको अनुयायी बन्नु हुन्न । (हे पैगम्बर !) भनिदिनु कि अल्लाहको मार्गदर्शन नै मार्ग दर्शन हो र तपाईसंग ज्ञान आइसके पछि पनि यदि तपाईले उनीहरूको इच्छाको वकालत गर्नुभयो भने अल्लाहसंग तिम्रो न कुनै पक्षधर हुनेछ न कोही सहायता गर्नेवाला । ( सूरतुल् बकर: १२० )

﴿ وَأَنزَلْنَآ إِلَيْكَ ٱلْكِتَٰبَ بِٱلْحَقِّ مُصَدِّقًا لِّمَا بَيْنَ يَدَيْهِ
مِنَ ٱلْكِتَٰبِ وَمُهَيْمِنًا عَلَيْهِ ۖ فَٱحْكُم بَيْنَهُم بِمَآ أَنزَلَ
ٱللَّهُ ۖ وَلَا تَتَّبِعْ أَهْوَآءَهُمْ عَمَّا جَآءَكَ مِنَ ٱلْحَقِّ ۚ لِكُلٍّ جَعَلْنَا
مِنكُمْ شِرْعَةً وَمِنْهَاجًا ۚ وَلَوْ شَآءَ ٱللَّهُ لَجَعَلَكُمْ أُمَّةً
وَٰحِدَةً وَلَٰكِن لِّيَبْلُوَكُمْ فِى مَآ ءَاتَىٰكُمْ ۖ فَٱسْتَبِقُوا۟ ٱلْخَيْرَٰتِ ۚ إِلَى
ٱللَّهِ مَرْجِعُكُمْ جَمِيعًا فَيُنَبِّئُكُم بِمَا كُنتُمْ فِيهِ تَخْتَلِفُونَ
﴿٤٨﴾ وَأَنِ ٱحْكُم بَيْنَهُم بِمَآ أَنزَلَ ٱللَّهُ وَلَا تَتَّبِعْ أَهْوَآءَهُمْ
وَٱحْذَرْهُمْ أَن يَفْتِنُوكَ عَنۢ بَعْضِ مَآ أَنزَلَ ٱللَّهُ إِلَيْكَ ۖ فَإِن

تَوَلَّوۡاْ فَٱعۡلَمۡ أَنَّمَا يُرِيدُ ٱللَّهُ أَن يُصِيبَهُم بِبَعۡضِ ذُنُوبِهِمۡۗ وَإِنَّ كَثِيرٗا
مِّنَ ٱلنَّاسِ لَفَٰسِقُونَ ﴿٤٩﴾ المائدة: ٤٨ - ٤٩

अर्थ : र (हे पैगम्बर !) हामीले तपाईंलाई सत्यका साथ यो किताब (कुरआन) प्रदान गरेका छौं, जुन आफूभन्दा अगाडिका ग्रन्थहरूलाई प्रमाणित गर्दछ र ती सबैको रक्षक हो । तसर्थ यसमा जुन आदेश अल्लाहले दिएको छ, सोही अनुसार नै तिनलाई आदेश गर्नुस् र यस सत्यलाई त्यागेर उनीहरूको इच्छाको पूर्ति नगर्नु । हामीले तिमीहरू मध्येबाट प्रत्येक समुदायका एउटा विधान र एउटा तरिका (पद्धति) निर्धारित गरेका छौं र यदि अल्लाहले चाहेको भए तिमी सबैलाई एउटै समुदायमा राखिदिन्थ्यो, तर जुन आदेशहरू उसले तिमीलाई दिएको छ त्यसमा उसले तिम्रो परीक्षा गर्न चाहन्छ, तसर्थ तिमी असल कर्म गर्न छिटो गर । तिमी सबैलाई उसै छेंउ फर्कि जानु पर्नेछ, तसर्थ जुन कुरामा तिमीहरू विवाद गर्ने गर्दछौ उसले तिमीलाई बताई दिनेछ । तपाईंले यिनीहरूको व्यवहारमा जुन आदेश अल्लाहले गरेको छ, सोही अनुसार फैसला गर्ने गर्नुस् र तिनीहरूको चाहनाको पछाडि नजाऊ र तिनीहरूबाट सावधान रहनु कि कतै यिनीहरूले जुन आदेश अल्लाहले दिएको छ, त्यस मध्ये

केहीबाट तपाईंलाई विचलित न गराई हालुन् । यदि तिनीहरूले मान्दैनन् भने जानि राख कि अल्लाह चाहन्छ कि तिनीहरूका केही गुनाह ( पाप) को कारणले उनीहरूलाई दण्डित गरोस् । र, धेरै जसो मानिसहरू अटेरी गर्दछन् । ( सूरतुल माइद: ४८,४९ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जसले पनि जसकसैको अनुरूपता अख्तियार गऱ्यो त्यो तिनीहरू मध्येको भयो" । ( अहमद )

र आर्को हदीसमा वर्णन छ :

अर्थ : त्यो मान्छे हामी मध्येको होइन जसले कसै आर्कोको अनुरूपता अख्तियार गऱ्यो, र यादराख यहूदी र ईसाईहरूको अनुरूपता अख्तियार नगर्नु । ( तिर्मिजी )

त हामीमाथि यो अनिवार्य छ कि हामी लुगा लगाउनुमा पनि काफिरहरूको अनुरूपता अख्तियार नगरौं बरु उनी भन्दा भिन्न लुगा लगाऔं ।

तर यसको अर्थ यो पनि होइन कि जुन लुगा पनि काफिरहरू लगाउन थालुन् ती सबैलाई त्यागी हालौं । जसरी पैंट, शर्ट सबै लगाउँछन् अब हामी मात्र यसकारण त्यसलाई त्यागी दिऔं कि काफिर पनि त्यसलाई लगाउँछन् यो मेरो भनाईको तात्पर्य होइन जस्तोकि केही अनभिज्ञ

व्यक्तिहरूको भनाई छ, बरु यसको अर्थ यो हो कि मात्र त्यो लुगा लगाउनुबाट मनाही गरिएको छ जुन कुनै विशेष धर्म समूह सम्प्रदाय... आदिको लागि विशेष होस् जस्तोकि माथि यसकुरालाई स्पष्ट पारेको छु । यदि यसकुराको अर्थ यो निकालेमा कि जुन सुकै लुगा काफिरहरू लगाउन् त्यसलाई मुसलमान लगाउन सक्दैन यो त्यसको लागि वर्जित छ भने मुसलमानहरूलाई नङ्गन अवस्थामा नै हिंडनु पर्छ, किनकि कुनै यस्तो लुगा छैन जसलाई काफिरहरू लगाउँदैनन् । अर्थातः कुर्ता, शर्ट, धोती, लुंगी, च्यादर....आदि सबैलाई काफिरहरू पनि लगाउँछन् र मुसलमानहरू पनि । यदि काफिरले लगाएको कारण सबैलाई त्यागेमा के निःवस्त्र हिंडडुल गर्नु पर्दैनर ?

त हे भाइ ! यो अर्थ कदापि हाम्रो धर्मले दर्शाउन खोजेको छैन बरु मात्र त्यो कुराहरूलाई हराम भनेको छ जुन अरु समूह र धर्म एवं सम्प्रदायको लागि विशेष छ । तसर्थ त्यो सबै वस्तु र समस्त कुराहरू जुन कुनै अरु आस्था र धर्मतर्फ संकेत गरोस् त्यसलाई नै त्याग्नु र त्यसबाहेक अरु कुनै वस्तु र कुराहरूलाई न त्याग्नु चाहे त्यसलाई काफिरहरू लगाउन् वा नलगाउन् ।

तर कतिपयजना यस्तो लुगा लगाउँछन् जसमा सलीब बनेको हुन्छ, वा कुनै जीवधारीको चित्र बनेको हुन्छ । त यस्तो लुगा लगाउनु जायज छैन किनकि हदीसमा वर्णन छ : "जुन घरमा चित्र हुन्छ अथवा कुकुर हुन्छ, त्यस घरमा रहमतका फरिश्ताहरू प्रवेश गर्दैनन् " । बरु रसूल सल्लल्लाहो अलैहे वसल्लमले चित्र बनाउनुबाट नै मनाही गर्नु भएको छ। हदीसमा वर्णन छ : " प्रलयको दिन चित्रकारलाई सबैभन्दा धेरै यातना दिइनेछ " । ( बुखारी )

त जब चित्र बनाउनु नै हराम छ भने त चित्र भएको लुगा लगाउनु कसरी वैध हुन्सक्छ ।

यस्तै कतिपयजना हातमा कंगन, धर्को... आदि लगाउँछन्, त यो पनि जायज छैन किनकि कंगन महिलाको लागि वैध छ, पुरुषको लागि होइन । यस्तै धर्को बाँध्नु यो काफिरहरूको रीति मध्येको हो जुन हिन्दुहरू रक्षाबन्धनको अवसरमा बाँध्छन् । तर यदि कसैले धर्को यस कारणले बाँधेको छ कि त्यसबाट त्यसलाई कुनै प्रकारको फाइदा हुनेछ वा कुनै विरामी निको हुन्छ भने यो अरु ठूलो अपराध हो, बरु यो खुल्ला शिर्क ( बहुदेववाद) हो, यसले गर्दा यो हराम छ ।

यस्तै कतिपयजना आफ्नो घाँटीमा महिलाहरू झैं माला .... आदि लगाउँछन् जुन पुरुषहरूको

लागि जायज छैन यो महिलाहरूको अनुरूपता अख्तियार गर्नु हो, वा काफिरहरूको अनुरूपता अख्तियार गर्नु हो, जसलाई हराम हुनुमा कुनै संदेह छैन जस्तोकि अघि नै वर्णन गरिसकें ।

यस्तै कतिपयजना तसबीह लिएर अल्लाहको गुणगान गर्छन् र त्यसलाई हातमा लिई यताउता हिंडडुल गर्छन् । त यो पनि हराम छ । किनकि यो हन्दिुहरूको अनुरूपता हो जुन उनीहरूको साधु भिक्षुकहरू लिएर हिंडछन् । यसले गर्दा अल्लाहको गुणगान रसूल सल्लल्लाहो अलैहे वसल्लम र सहाबाहरूले गरेका तरिकामा नै गर्नु उचित हो र त्यो तरिका हो हातको औंलामा, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरू अआफ्ना हातका औंलाहरूमा तस्बीह गनेका हुन् ।

यो सबै कुराहरूलाई वर्णन गर्नुको उद्देश्य र तात्पर्य मात्र यो नै हो कि मुसलमानहरूलाई चाहियो कि कुनै कुरा र कर्ममा पनि आर्को धर्मको अनुरूपता अख्तियार नगरुन्, बरु इस्लामको पद्धति नै हाम्रो लागि प्रयाप्त छ । र यसैमा हाम्रो प्रगति र उन्नतिको रहस्य नीहित छ ।

यसले गर्दा मेरो आफ्ना आदर्णीय भाइहरूसित सादर अनुरोध छ कि आफूलाई समस्त प्रकारका

अनुरूपताबाट टाढा राख्नुस् र रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिलाई आफ्नो जीवनशैली बनाउनुस् र त्यसैमाथि गर्व गर्नुस्, यसैमा हाम्रो भलाई छ। र यसैद्वारा हामी लोक परलोकका दुवै जीवनमा सफल हुनेछौं, किनकि अल्लाहको फर्मान छ :

﴿ لَّقَدْ كَانَ لَكُمْ فِي رَسُولِ ٱللَّهِ أُسْوَةٌ حَسَنَةٌ لِّمَن كَانَ يَرْجُواْ ٱللَّهَ وَٱلْيَوْمَ ٱلْأَخِرَ وَذَكَرَ ٱللَّهَ كَثِيرًا ﴿٢١﴾ ﴾ الأحزاب: ٢١

अर्थ : निःसन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ, प्रत्येक त्यस ब्यक्तिको लागि जसले अल्लाह र अन्तिम दिनको आशा राख्दछ, र अल्लाहलाई अधिक स्मरण गर्दछ। ( सूरतुल् अहजाब २१ )

﴿ وَإِنَّكَ لَعَلَىٰ خُلُقٍ عَظِيمٍ ﴿٤﴾ ﴾ القلم: ٤

अर्थ : निःसन्देह तपाई उच्च आचरणवाला हुनु हुन्छ। ( सूरतुल् कलम ४ )

त रसूल सल्लल्लाहो अलैहे वसल्लम हामीहरूको लागि साक्षात आदर्श थिए। त हामीलाई त्यसै आदर्शतर्फ ध्यान दिनु जरुरी छ। के कोही यस सम्पूर्ण संसारमा यस्तो छ जुन उहाँभन्दा राम्रो आचरणवान र नैतिकवान होस् ?

कदापि छैन उनको पद्धति हाम्रो लागि हाम्रो उद्धारको जमानत दिन्छ र हाम्रो सफलताको जमानत दिन्छ ।

र दोस्रो कुरो के छ भने उनको पद्धतिको अनुरूपता र अनुशरण गर्नु हाम्रो परम् कर्तव्य हो । उहाँको पद्धतिलाई छाडि कसै आर्काको अनुरूपता अख्तियार गर्नु पथभ्रष्टता हो, नास्तिकता हो, अवैधानिक हो ।

कतिपयजना अरुको अनुरूपता अख्तियार गरेर आफूलाई एडवान्स भन्न थाल्छन्, सभ्य भन्न थाल्छन् । तर उनीहरूलाई सभ्यताको वास्तविकता र त्यसको वास्तविक अर्थ नै थाहा हुँदैन । एउटा हिन्दीको उखान छ “ बन्दर क्या जाने अदरकका स्वाद ” अर्थात बाँदरलाई के थाहा कि अदुवाको स्वाद कस्तो हुन्छ ।

त यी पश्चिमी संस्कृतिका दासहरू त्यसैमा आफ्नो अभिमान र गर्व खोज्दछन्, अनि आफ्नो संस्कारलाई पनि बिर्सिदिन्छन् । अनि यिनीहरूलाई तब अफसोच हुन्छ जब केटी कसैसंग भागेर आफ्नो मुख कालो गरेर आउँछे । तर समय त फिर्ता आउँदैन नत आउनेवाला नै छ र जुन घटना घटिसक्यो त्यसको भरपाई असम्भव छ ।

यसले गर्दा हे भाइ ! वर्षा हुनुभन्दा अघि नै घरको व्यवस्था मिलाई लिनु नै बुद्धिमानी हो, र यो नै एउटा बुद्धिमानको परम् कर्तव्य हो, वर्षा आई परेमा घर बन्दैन ।

यसले गर्दा हे भाइ ! पश्चिमको अनुरूपताबाट तौबा गर र आफूलाई र आफ्ना घरपरिवारलाई नर्कको आगोबाट बचाऊ । अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ قُوٓاْ أَنفُسَكُمۡ وَأَهۡلِيكُمۡ نَارٗا وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُ عَلَيۡهَا مَلَٰٓئِكَةٌ غِلَاظٞ شِدَادٞ لَّا يَعۡصُونَ ٱللَّهَ مَآ أَمَرَهُمۡ وَيَفۡعَلُونَ مَا يُؤۡمَرُونَ ٦ ﴾ التحريم: ٦

अर्थ : हे मोमिनहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका, यस्ता बलशाली फरिश्ताहरू नियुक्त हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन् । ( सूरतुत्तहरीम ६ )

त तपाईको यो कर्तव्य हो कि आफू पनि यस्ता कुकर्मबाट बाँच्नुस् र आफ्नो परिवारलाई पनि बचाउनुस् यसैमा तपाईको सुख शान्ति नीहित छ ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# *समाप्त*


*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

नेपाल
Mob. No.00977-9847030780-
9727649238
00966-0501372254
Email-
atiqkhannp1982@yahoo.com